नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र संख्याः ०७६।७७
चलानी नं.: ५८१

मितिः२०७७।०३।१४

श्री स्थानीय तह (सबै)

विषय : पशु चौपायाहरुको आयात तथा ढुवानी सम्बन्धमा ।

प्रस्तुत विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प.सं. २०७६/०७७ (क्वा.स.शा) च.नं.३४५ मिति २०७७/०३/११ को विदेशबाट आयात हुने पशु चौपायाहरुको सिफारिस तथा ढुवानी सम्बन्धी प्राप्त पत्र संलग्न छ । विस्तृत व्यहोरा पत्रबाट अवगत गरी सोही बमोजिम गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

चिरन्जीबी नेपाल
शाखा अधिकृत

बोधार्थ :
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार ।
श्री सूचना तथा प्रविधि शाखा : email मा पठाउनु हुन ।

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
(कृषि तथा पशुपंक्षी व्यवसाय प्रबर्द्धन महाशाखा)

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरवार, काठमाण्डौं
नेपाल

पत्र संख्या : २०७६/०७७ (क्वा.स.शा.)
च.नं. : ३४५

मिति: २०७७/०३/११

विषय: विदेशबाट आयात हुने पशु चौपायाहरुको सिफारिस सम्बन्धमा।

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।

प्रस्तुत विषयमा विद्यमान पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ ले नेपालमा विदेशबाट पशु चौपायाहरुको पैठारी गर्दा सम्बन्धित पैठारीकर्ताले सो पशु चौपायाको Sanitary and Health Certificate अनिबार्य रुपमा पेश गर्नुपर्ने र नेपालमै उत्पादन भएको पशु चौपायाहरुको हकमा पनि सम्बन्धित जिल्लाको दर्तावाला पशु चिकित्सकले सिफारिस गरेपछि मात्र एक जिल्लाबाट अर्को जिल्लामा ढुवानी गर्न पाइने कानूनी प्रावधान रहेको हुँदा सो अनुसार गर्न गराउन तथा सो बारे उत्पादकहरुलाई पनि सुसूचित गराउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत ७५३ वटै स्थानीय तहहरुलाई जानकारी गराउने भन्ने मिति २०७७/०३/०८ गते यस मन्त्रालयमा बसेको SPS -समन्वय समितिको निर्णय भएकोले तहाँ मन्त्रालयबाट यस विषयमा मातहतका स्थानीय तहहरुलाई पत्राचार गर्नुहुन निर्देशानुसार अनुरोध छ। साथै तहाँको जानकारीको लागि उक्त बैठकको निर्णयको प्रतिलिपी यसैसाथ संलग्न गरी पठाइएको ब्यहोरा अनुरोध छ ।

माधब भट्ट
बाली संरक्षण अधिकृत
(क्वारेन्टाइन समन्वय शाखा)

सादर अवगतार्थः
श्रीमान् सचिवज्यू, कृषि तथा पशुपन्छी विकास मन्त्रालय (कृषि विकास तर्फ)।
श्रीमान् सह-सचिवज्यू, कृषि तथा पशुपंक्षी व्यवसाय प्रबर्द्धन महाशाखा ।